# राष्ट्रिय स्वास्थ्य बीमा सम्बन्धमा

विस्तृत जानकारीको लागि यो कोड स्क्यान गरेर हेर्नुहोस् ।

## 1 राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली भनेको के हो ? 〈सबै नागरिक बीमा प्रणाली〉

**「विरामी हुन्छु कि हुन्न थाहा छैन」「बीमा शुल्क तिर्न चाहन्न」आदि कारणले राष्ट्रिय स्वास्थ्य बीमामा प्रवेश गर्दिन भनेर पाउनुहुन्न**

राष्ट्रिय स्वास्थ्य बीमा (कोकुमिन केन्को होकेन) भनेको सहभागीहरुले आफ्नो आम्दानी अनुसार नियमित रुपमा बीमा शुल्क तिर्ने र उपचार गराउँदा उपचार खर्चको केही अंश मात्र तिरेर स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने प्रणाली हो । यो एक आपसमा सहयोगी प्रणाली हो । ३ महिना भन्दा बढी जापानमा बसोबास गर्ने अनुमति (भिसा) प्राप्त गरेर जापानमा आवासको लागि दर्ता गरिएको व्यक्ति यदि अन्य कुनै पनि सार्वजनिक स्वास्थ्य बीमामा प्रवेश नगरेको अवस्थामा यस राष्ट्रिय स्वास्थ्य बीमामा अनिवार्य आवद्ध हुनुपर्दछ । बीमामा प्रवेश गरेर हरेक महिना बीमा शुल्क तिर्नुपर्ने उसको कर्तव्य हुन्छ भने त्यसको बदलामा राष्ट्रिय स्वास्थ्य बीमाबाट उपचार प्राप्त गर्ने अधिकार पनि उसले प्राप्त गर्दछ ।

## 2 बीमा शुल्क सम्बन्धमा

**! विद्यार्थी छुटको व्यवस्था छैन**

राष्ट्रिय स्वास्थ्य बीमा शुल्क, एकजना बीमित व्यक्तिका लागि लाग्ने न्यूनतम शुल्क 'समान दर रकम' र अघिल्लो वर्षको आम्दानीको आधारमा गणना गरिने 'आम्दानी दर रकम' अनुसार दुई तरिकाले निर्धारण गरिएको हुन्छ ।

विद्यार्थी अथवा आम्दानी कम भएको व्यक्तिलाई पनि राष्ट्रिय स्वास्थ्य बीमाको शुल्क लाग्दछ ।

तर, यदि आम्दानी ० भएको अथवा धेरै नै कम छ (निर्धारित मापदण्ड भन्दा पनि कम) भने आवश्यक प्रकृया पुरा गरेमा 'समान दर रकम' लाई घटाईन्छ र सोही अनुसार बीमा शुल्कको रकम निर्धारण गरिन्छ ।

**बीमा शुल्क घटाउने प्रक्रिया गर्नका लागि हरेक वर्षको जनवरी १ तारिकमा तपाईंको ठेगाना जुन नगरपालिकामा दर्ता भएको छ सोही नगरपालिकाको कर शाखामा गई आवासीय करको विवरण पेश गर्नुहोस् ।**

यदि तपाईंले अन्य शहर अथवा नगरपालिकामा आवासीय करको विवरण पेश गर्नुभएको छ भने तोसिमा वडाको राष्ट्रिय स्वास्थ्य बीमा शाखामा सम्पर्क गर्नुहोस् ।

सम्पर्क: राष्ट्रिय स्वास्थ्य बीमा विभाग, योग्यता・बीमा शुल्क (सिखाकु・होकेनर्योउ) ग्रुप
Tel : 03-4566-2377

## 3 माईना स्वास्थ्य बीमा कार्ड र योग्यता पुष्टि प्रमाणपत्र

माईना स्वास्थ्य बीमा कार्ड (स्वास्थ्य बीमा प्रमाणपत्रका रुपमा दर्ता गरिएको माईनम्बर कार्ड) र योग्यता पुष्टि प्रमाणपत्र स्वास्थ्य बीमा अन्तरगत उपचार प्राप्त गर्दा प्रयोग गरिने प्रमाणपत्रहरु हुन ।

माईना स्वास्थ्य बीमा कार्ड भएका व्यक्तिले अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराउन जाँदा उक्त कार्ड देखाउनुहोस् ।

माईना स्वास्थ्य बीमा कार्ड नभएको व्यक्तिहरुका लागि योग्यता प्रमाणपत्र उपलब्ध गराईनेछ । अस्पताल अथवा स्वास्थ्य संस्थामा उपचार गराउन जाँदा योग्यता पुष्टि प्रमाणपत्र देखाउनुहोस् ।

### योग्यता पुष्टि प्रमाणपत्रको नवीकरण

योग्यता पुष्टि प्रमाणपत्र नवीकरण गर्न कार्यालयमा आउन आवश्यक पर्दैन । तपाईंको जाइर्‍यु कार्ड अथवा भिसा नवीकरण भएपछि नयाँ योग्यता पुष्टि प्रमाणपत्र तपाईंको ठेगानामा हुलाक मार्फत पठाईनेछ ।

## 4 अस्पतालमा प्रयोग गर्ने तरिका

**STEP 01 दर्ता**

▷माई नम्बर कार्डलाई कार्ड रिडरमा राख्नुहोस् ।

**STEP 02 व्यक्तिगत प्रमाणिकरण**

▷अनुहारको पहिचान अथवा ४ अंकको पिन नम्बर हान्नुहोस् ।

**STEP 03 मञ्जुरीको पुष्टि**

▷उपचार, औषधि सेवन तथा स्वास्थ्य जाँच सम्बन्धि जानकारीको पुष्टि गर्नुहोस् ।

**STEP 04 सम्पन्न**

▷बोलाउने समयसम्म पर्खेर बस्नुहोस् ।

### ! माईना बीमा कार्ड प्रयोगको लागि दर्ता

▷माईना स्वास्थ्य बीमा कार्ड प्रयोग गर्नको लागि पहिले नै तपाईंले आफ्नो माई नम्बर कार्डलाई स्वास्थ्य बीमा कार्डको रुपमा दर्ता गर्न आवश्यक रहन्छ ।

**दर्ता गर्ने तरिका**

- सेवेन बैंकको ATM बाट
- स्मार्ट फोन तथा कम्प्यूटरबाट
- चिकित्सा संस्था तथा औषधि पसलको काउन्टरमा रहेको कार्ड रिडरबाट

विस्तृत जानकारीको लागि↓

## 5 राष्ट्रिय स्वास्थ्य बीमा परित्याग गर्ने प्रक्रिया सम्बन्धमा

**① तोसिमा वडाबाट बाहिर सरेर जाने बेला**

कोठा सर्ने सूचना बुझाएपछि पासपोर्ट अथवा आवासीय (जाईर्‍यू) कार्ड लिएर राष्ट्रिय स्वास्थ्य बीमा विभाग वा तपाईंको वडा कार्यालयमा गएर आवश्यक प्रक्रियाहरु पूरा गर्नुहोस् ।

**② अर्को सार्वजनिक बीमामा प्रवेश गर्ने बेला**

▷इलोक्ट्रोनिक आवेदन

कृपया यसको छेउमा रहेको QR कोड स्क्यान गरेर आवेदन दिनुहोस् ।

▷हुलाक मार्फत अथवा काउन्टरमा गएर आवेदन

पासपोर्ट अथवा आवासीय (जाईर्‍यू) कार्ड, अर्को स्वास्थ्य बीमामा प्रवेश गरेको पुष्टि हुने प्रमाण तयारी गरेर पठाउने अथवा काउन्टरमा लिएर जानुहोस् ।

इलोक्ट्रोनिक आवेदनको लागि प्रकृया यहाँबाट गर्नुहोस् ।

※ माथिका अवस्थाहरुमा कृपया तुरुन्तै आफ्नो बीमा रद्द गर्नको लागि प्रकृया गर्नुहोस् । यदि प्रकृया गर्नु भएन भने बीमा रकम लाग्दै जानेछ । साथै, यस्तो अवस्थामा तोसिमा वडाको बीमा योग्यता प्रमाण पत्र प्रयोग नगर्नुहुन अनुरोध गरिन्छ ।

## 6 यदि बीमा शुल्क भुक्तानी गरिएन भने के हुन्छ ?

① यदि तपाईंले तोकिएको मितिभित्र आफ्नो बीमा शुल्क भुक्तानी गर्नुभएन भने भुक्तानीको लागि पुनः ताकिता पत्र र अन्तिम चेतावनी पत्र पठाईनेछ ।

② ताकिता पत्र पठाई सके पश्चात पनि बीमा शुल्क नतिरेको अवस्थामा बैंक खातामा रहेको पैसा वा तलव जफत गरिनेछ । जफत गरिएमा बैंक खाताबाट तपाईंले आफ्नै पैसा पनि निकाल्न नसकिने हुन्छ वा तलवको केही भाग तपाईंले पाउन नसक्ने अवस्था रहन्छ ।

③ २०२६ को जुन महिनादेखि लागू हुने बीमा शुल्क समयमा नतिरेमा भुक्तानी म्यादको भोलिपल्टदेखि भुक्तानी गरेको दिनसम्मको दैनिक हिसाब गरी ढिलाई शुल्क (जरिवाना) पनि लगाईनेछ ।

④ अस्पतालमा उपचार खर्च तिर्ने समयमा उपचार खर्चको सम्पूर्ण रकम एकपटक तपाई आफैले तिर्नुपर्ने अवस्था रहन्छ ।


⑤ भिसा भएका व्यक्तिहरु जसको जापान बसाईको लागि भिसा परिवर्तन अथवा नवीकरण नहुने सम्भावना रहन्छ ।

**सम्पर्क:**

राष्ट्रिय स्वास्थ्य बीमा विभाग, कार्यान्वयन तथा संकलन (सेइरी स्यूनो ग्रुप) विशेष कार्यान्वयन (तोकुबेचु सेइरी) ग्रुप

विस्तृत जानकारीको लागि यहाँ जानुहोस् ▶

## 7 बीमाको लाभ सम्बन्धमा



उपचार गराउने समयमा तपाईंले माईना बीमा कार्ड देखाउनु भयो भने औषधि उपचार खर्चको ३०% अथवा २०% मात्र तिरेर उपचार गराउन पाउनुहुन्छ । बाँकी रकम तोसिमा-कुले व्यहोर्ने छ । त्यसो त तपाईंले माईना बीमा कार्ड देखाउनु भएन भने उपचार खर्चको सम्पूर्ण लागत तपाई आफैले तिर्नुपर्छ । तर बढी तिर्नु भएको रकम फिर्ताको लागि पछि बेग्लै आवेदन दिन आवश्यक रहन्छ ।

## 8 बीमाबाट लिन नमिल्ने उपचार

निम्न अवस्थामा सम्पूर्ण खर्च आफैले नै व्यहोर्नु पर्छ ।

- स्वास्थ्य परीक्षण, निन्गेन दोक्कु, खोप लगाउने ।
- नर्मल गर्भवती, नर्मल प्रसुति
- कस्मेटिक सर्जरी, बाङ्गोटिङ्गो दाँत मिलाउने उपचार ।
- कामको सिलसिलामा लागेको चोटपटक या बिरामी
- बीमा अन्तर्गत नपर्ने उपचार ।
- अस्पताल भर्ना हुँदाको कोठाको चार्ज अन्तर हुने रकम
- विशेष सामाग्री प्रयोग गरी दाँतको उपचार गरेमा
- अपराध तथा जानीजानी पुऱ्याएको घाउ, चोटपटक
- झगडा अथवा रक्सीले मातेर भएको बिरामी तथा घाउ चोटपटक

## 9 बच्चा जन्मने बेलामा

(प्रसूति तथा शिशु स्याहार एकमुष्ठ भत्ता)

बच्चा जन्मेको खण्डमा प्रसूति तथा शिशु स्याहार एकमुष्ठ भत्ता स्वारुप एक जना बराबर ५ लाख जापानी येन भुक्तानी गरिनेछ । (गर्भाधान ८५ दिन भन्दा बढी भएर मृत बच्चाको जन्म, गर्भपतन र विदेशमा जन्मेको भए पनि माथिको कुरा लागू हुन्छ)

※अन्य सार्वजनिक स्वास्थ्य बीमाबाट लाभ प्राप्त गर्नेहरुलाई राष्ट्रिय स्वास्थ्य बीमाले कभर गर्ने छैन ।



## 10 महंगो चिकित्सा तथा उपचार खर्च (उच्च चिकित्सा खर्च)

यदि तपाईंले महंगो चिकित्सा तथा उपचार खर्च तिर्नुभयो भने सीमा भन्दा बढी तिर्नु भएको रकम फिर्ता पाउनको लागि आवेदन दिन सक्नुहुनेछ । योग्य व्यक्तिहरुलाई आवेदन दिनको लागि उपचार पश्चात घरमा आवेदन फारम पनि पठाईनेछ । आवश्यक विवरणहरु भरेर फारम फिर्ता पठाउनुहोस् ।

※ यदि तपाईंले माईना बीमा कार्ड देखाउनु भयो भने चिकित्सा संस्थालाई तिर्ने रकम स्वयमले व्हहोर्ने रकमको सीमासम्म मात्र तिरे पुग्छ । तर माईना बीमा कार्ड लिनु भएको छैन भने अधिकतम सीमा रकम लागू स्वीकृत प्रमाणपत्रको लागि आवेदन दिनुपर्ने हुन्छ ।

## 11 विदेशमा हुने चिकित्सा खर्च

यदि तपाईंले आपतकालीन अवस्था आइ परेर विदेशमा उपचार सेवा लिनुभयो र उक्त उपचार जापानको बीमाद्वारा कभर गर्न मिल्ने खालको उपचार हो भने कभर गरिनेछ । तर उपचार गर्नकै लागि विदेश गएर उपचार गराएको अवस्थामा भने यो लागू हुँदैन ।

**सम्पर्क:**

राष्ट्रिय स्वास्थ्य बीमा विभाग, भुक्तानी (क्यूफु) ग्रुप

विस्तृत जानकारीको लागि यहाँ जानुहोस् ▶